गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०७ संख्या:- ११ मिति:- २०८०/०७/२१

भाग १ -

# गोसाईकुण्ड गाउँपालिका खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखि युवाहरुलाई धुम्रपान, मद्यपान, लागू पदार्थ सेवनको कुलतबाट जोगाई सु–संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्देश्यलाई मूर्त रुप दिन वाञ्छनीय भएकोले गाउँपालिका खेलकुद संचालन सम्बन्धी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद -१

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम **गोसाईकुण्ड गाउँपालिका खेलकुद संचालन सम्बन्धी कार्यबिधि,** २०८० रहनेछ । यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **कार्यबिधि** भन्नाले गोसाईकुण्ड गाउँपालिका खेलकुद सम्बन्धी कार्यविधि २०८०भन्ने सम्झनुपर्छ ।

ख) **गाउँपालिका खेलकुद विकास समिति** भन्नाले गोसाईकुण्ड गाउँकार्यपालिकाको बैठकबाट गठित समिति भन्ने सम्झनु पर्छ ।

ग) **टिम क्लब, संघ, संस्था** भन्नाले गोसाईकुण्ड गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका क्षेत्र गोसाईकुण्ड गाउँपालिका भित्रका टिम, क्लव र संघसंस्थाहरु भन्ने सम्झनु पर्छ ।

ङ) **खेलाडी** भन्नाले टिम क्लब, संघसंस्था सम्बद्ध खेलाडी बन्ने सम्झनु पर्छ ।

च) **प्रशिक्षर्थी** भन्नाले गोसाईकुण्ड गाउपालिकाद्धरा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ सस्था सम्बद्ध सिकार खेलाडी भन्ने सम्झनु पर्छ ।

छ)**प्रशिक्षक** भन्नाले गोसाईकुण्ड गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक खेलाडी, टिम, क्लब, संघ संस्था सम्बद्ध विषयगत प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

ज) **"प्रशिक्षण समिति"** भन्नाले गाउँपालिका खेलकुद विकास समिति अन्तर्गत गोसाईकुण्ड गाउँपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्छ ।

ञ) "खेलकुद विकास कोष' भन्नाले गोसाईकुण्ड गाउँपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ

ट) **"खेलाडी विवरण"** भन्नाले टीम, क्लव, संघ संस्थाहरुले आफ्नो टिम, क्लव, संघसंस्थामा आवद्ध भनी प्रमाणित गरी प्रत्येक महिना गाउँपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

ठ) **खेलकुद पदाधिकारी** भन्नाले खेलकुद सम्बद्ध समिति, उप-उपसमितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद - २
## उद्धेश्य

**३. गाउँपालिका खेलकुद विकास समितिका उद्देश्यहरु**

क) गाउँको कला संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले योगदान पुर्याउने,

ख) गाउँभित्रको खेलकुद प्रतियोगिता संचालन गर्ने तथा सम्वद्ध खेल प्रशिक्षण निकायका बिच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई, देशभक्त, स्वभिमानी, समाज प्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान जागरुक, परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसस्थालाई परिचालन गर्ने,

ङ) खेलकुदको माध्यमबाट गाउँबासिलाई नागरिक भावना प्रति सचेत गराउने,

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहान गर्ने,

छ) खेलकुद विकासको निम्ति भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

झ) विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने,

ञ) गोसाईकुण्ड गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

ट) टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

ड) गाउँ खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद-३

## गाउँपालिका खेलकुद विकास समितिको गठन र बैठक सम्बन्धी कार्यविधी

४. गाउँ कार्यपालिकाले गोसाईकुण्ड गाउँपालिकाका अध्यक्षको संरक्षकत्वमा देहाय वमोजिमको पदाधिकारीहरु रहने गरी एक गाउँपालिका खेलकुद विकास समिति गठन गर्न सक्नेछ :

क) गोसाईकुण्ड गाउँपालिका भित्र स्थायी बसोबास भएका युवा तथा खेलकुदका क्षेत्रमा विशेष योगदान पुर्याएका व्यक्तीहरुमध्ये कार्यपालिकाले तोकेको व्यक्ती - अध्यक्ष

ख) गाउँ कार्यपालिका सदस्यहरुमध्येबाट कम्तिमा १ जना महिला पर्ने गरी गाउँ कार्यपालिकाले मनोनित गरेको दुई जना - सदस्य

ग) वडा स्तरीय खेलकुद विकास समितिका अध्यक्षहरु - सदस्य

घ) गाउँपालिका भित्रका युवा तथा खेलकुदका क्षेत्रमा विगत ५ वर्षदेखि योगदान पुर्याउदै आएका खेलप्रेमी व्यक्तिहरुमध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित समावेशी सिद्धान्त बमोजिम कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

ङ) गोसाईकुण्ड गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

५. गाउँपालिका खेलकुद समितिको पदावधी गठन भएको मितिले ५ वर्षको हुनेछ र गाउँकार्यपालिकाबाट पुनर्नियुक्ति हुन सक्नेछ ।तर समिति वा कुनै सदस्यको कार्य सन्तोषजनक नभएमा कार्यपालिका वा मनोनित गर्ने व्यक्तिले पदबाट हटाउन सक्ने छ तर त्यसरी हटाउनु पूर्व निजलाई आफ्नो सफाइ पेश गर्ने मौका प्रदान गरिने छ ।

६. गाउँपालिका खेलकुद विकास समितिको बैठक आवश्यक्ता अनुसार वस्नेछ ।बैठकमा उपस्तिथ भए बापत नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिने छ ।

७. अध्यक्षको काम, कर्तव्य र अधिकार

क) गाउँपालिका खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगीताको वार्षिक कार्ययोजना तयार गरी आयोजना संचालन तथा व्यवस्थापन गर्ने/गराउने ।

ग) राष्ट्रिय/अन्तरराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगीताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने।

घ) गाउँपालिकाद्वार आयोजना गरिने युवा परिचालन तथा खेल प्रतियोगिता सम्पन्न गर्न प्रमुख भूमिका निर्वाह गर्नु पर्ने ।

ङ) गाउँकार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

८. सदस्य सचिवको काम कर्तव्य र अधिकार

क) गोसाईकुण्ड गाउँकार्यपालिकाको निर्णय तथा निर्देशन बमोजिम खेलकुद विकास समितिको अध्यक्षसँग समन्वय गरी बैठकको पत्रचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र समितिको निर्णय अनुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

ख) बैठकको माइन्युट उठाउने र बैठक संचालन सम्बन्धि आवश्यक काम गर्ने ।

ग) खेल सञ्चालनका लागि आवश्यक सामग्री व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने

## परिच्छेद-४
## खेलकुद प्रतियोगीता व्यवस्थापन

९. गाउँपालिका खेलकुद विकास समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१०. गाउँपालिका खेलकुद विकास समिति आफैले वा नगरभित्रका टिम, क्लबहरु मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टीमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगीताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

११. सल्लाहकार समितिको गठनः- गाउँपालिका खेलकुद समितिले आवश्यक्ता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद-५
## गाउँपालिका क्षेत्र भित्रका टीम, क्लव र संघ संस्थाहरुले दर्ता र व्यवस्थापन

१२. गोसाईकुण्ड गाउँपालिका भित्रका टीम, क्लब, समिति र संस्था आदिले गाउँपालिका खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क रु. १००- दर्ता शुल्क रु. २५०।- सम्बन्धित वडाअध्यक्षको सिफारिस सहित फारम शुल्क रु २५०।- का साथ दर्ता नवीकरण समेत गर्नु पर्नेछ ।

१३. दर्ता भएका टीम, क्लव, पुस्ताकालयले जुनसुकै प्रतियोगीता गर्नु भन्दा अगाडी गाउँपालिका खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१४. दर्ता र नवीकरण गर्नु भन्दा पहिले गाउँपालिका खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

१५. गाउँपालिका खेलकुद विकास समितिमा भएको टीम, क्लब, संघ, संस्थाहरुले गाउँपालिका खेलकुद विकास समितिको उद्धेश्य अनुसार खेलकुद प्रतियोगीता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

क) वडा स्तरीय प्रतियोगीताको लागि (वर्षमा १ पटक) बढीमा रु. ५०,०००।- देखि रु. १००,०००।- सम्म,

ख) गाउँपालिका स्तरीय प्रतियोगीताको लागि (वर्षमा १ पटक) बढीमा रु. १००,०००।- देखि रु. ५००,०००।- सम्म

ग) जिल्लास्तरीय प्रतियोगीताको लागि (वर्षमा १ पटक) रु. २००,०००।- देखि रु. ७००,०००।- सम्म

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगीताका लागि (वर्षमा १ पटक) वढीमा रु. ३००,०००।- देखि ८००,०००।- सम्म

ङ) गाउँपालिकाको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगीताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुर्याउन गाउँपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराईने छ ।

१६. गाउँपालिका खेलकुद विकास समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ ।

१७. गाउँपालिका खेलकुद विकास समितिले टिम दर्ता निवेदन फारम, नवीकरण फारम, प्रशिक्षक/प्रशिक्षार्थी फारम, परिचयपत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरि लागू गर्नेछ ।

## परिच्छेद -६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१८. गोसाईकुण्ड गाउँपालिकाले स्थानीय राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई पालिकाको खेल विकासमा सहयोग गर्नका लागि अनुरोध गर्न सक्नेछ ।

१९. खेलकुद विकासको लागि सभा, सम्मेलन गोष्ठी गर्न वा गराउन सक्नेछ ।

२०. राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवम् अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन तथा पुरस्कृत गर्ने कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२१. गोसाघकुण्ड गाउँपालिकाको कला, संस्कृक्ति र खेलकुद विकासको लागी आवश्यकता अनुसार टीम, क्लब संघ संस्थाका प्रतिनिधिहरुको याली वा बैठक बोलाउन सक्नेछ ।

२२. अन्तर गाउँपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी गराउन सकिनेछ ।

२३. गाउँपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

१. उपत्यका भित्र भाग लिन जानेको हकमा :-

क) प्रतियोगिताका भाग लिन जादा खेल अवधिभर खाने बस्ने व्यवस्थाका लागि भ्रमण भत्ता/वा खाना खाजा एवम् यातायात खर्च बापत बील बमोजिमको तोकिए बमोजिम खर्च उपलव्ध गगराईनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन १०००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु ३०००।- सम्मको सुविधा दिन सक्नेछ ।

२. उपत्यका बाहिर भाग लिन जाने हकमा

क) प्रतियोगिता भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि खर्च उपलव्ध गराईनेछ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन १५००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु ३००० सम्मको सुविधा दिन सकिनेछ।

## परिच्छेद ८
## तालिम र प्रशिक्षण

२४. गाउँपालिका खेलकुद समितिले खेलकुद विकास र खेलाडिको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षणको व्यवस्था गर्न सक्नेछ।

२५. प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन गाउँपालिका खेलकुद विकास समितिमा सम्बन्धित वडाध्यक्षको सिफारिस सहित तोकिएको फाराम भरी आवेदन दिनु पर्नेछ।

२६. समितिको निर्णय बमोजिम फराम शुल्क, मासिक शुल्क, भर्ना शुल्क बुझाई प्रशिक्षार्थी/ खेलाडी परिचय पत्र प्राप्त गर्न सक्ने छ।

२७. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ। यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाउँपालिका खेलकुद विकास समितिले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ । उक्त प्रशिक्षकलाई गाउँपलालिका भित्रका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई समेत प्रशिक्षण गर्नु पर्नेछ।

२८. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ।

२९. प्रशिक्षार्थी खेलाडीको लागि आश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनुपर्नेछ । यस प्रयोजनका लागि समितिको सिफारिसमा शिक्षा,युवा तथा खेलकुद शाखाले खेल सामाग्रीहरुको व्यवस्थापन गरी हस्तान्तरण गर्नेछ।

३०. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी गाउँपालिकामा माग गर्ने, खेलाडिमा मासिक शुल्क उठाउने, प्रशिक्षण सामाग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने कार्यको जिम्मा लिनु पर्नेछ।

३१. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरि कम्तिमा दिनको चार घण्टा खेलाडिहरुलाई प्रशिक्षण गर्नुपर्नेछ।

३२. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा गाउँपालिका खेलकुद विकास समितिलको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तर्ता दिइनेछ।

३३. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ।

## परिच्छेद - ९
## गाउँपालिका खेलकुद विकास कोषको व्यवस्था

३४. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गोसाईकुण्ड गाउँपालिकामा गाउँपालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।

३५. कोषका स्रोतहरु देहाय बमोजिम हुनेछः-

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद,प्रदेश खेलकुद विकास समिति, जिल्ला खेलकुद विकास समिति,राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्था/NGO/INGO वा कुनै व्यक्ति बाट प्रप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतिगोगिता वा कायक्रम आयोजना गरी संकलन भएको रकम,

ग) विभिन्न प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) गाउँपालिका भित्रका टीम, क्लब दर्ता आवेदन शुल्क नवीकरण शुल्क, फाराम शुल्क,

३६. यस कोषको संचालन गाउँपालिका खेलकुद विकास समितिको निर्णय अनुसार हुनेछ।अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट खाता सञ्चालनको व्यवस्था हुनेछ।

३७.गाउँपालिका खेलकुद विकास समितिको निर्णयमा आकस्मिक रुपमा कुनै खेल सम्बन्धी कार्य गर्नु परेमा बढीमा १०,०००/- सम्म कोषबाट खर्च गर्न सक्नेछ।

## परिच्छेद १०
## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

३८. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ।

४०. विशेष तरीकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लैजानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँपालिका खेलकुद विकास समितिले कोषबाट मर्मत सम्भार गर्नेछ तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ।

४१. खेलकूद पूर्वाधार स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदिको व्यवस्था गर्न गाउँ खेलकुद समितिको निर्णय अनुसार माग भइ आएमा गाउँपालिकाको यस्तो पुर्वाधारको निर्माण अधिकतम जनसहभागिताको आधारमा गर्नेछ।

## परिच्छेद ११
## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

गाउँपालिका खेलकुद विकास समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक खेल प्रशिक्षण सैद्धान्तिक कक्षा सञ्चालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ। विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछन्: -

क) गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिका खेलकुद विकास समितिका संरक्षक(गाउँपालिका अध्यक्ष) ले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्यीय विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

ग) यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसमा आकर्षण बढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्दत गर्नेछ ।

ङ) समितिबाट सञ्चालन हुने प्रतियोगिता, गोष्ठी र कक्षा सञ्चालनमा सहयोग गर्नेछ ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवम् अन्य खराब आचरण आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

छ) गाउँपालिका खेलकुद विका समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउने छ ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट अघि बढाउने छ ।

झ) यस समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।

ञ) गाउँपालिका खेलकुद विकास समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्यतालिका बनाउनु पर्नेछ ।

ट) अनुशासनको कार्वाहिी गर्ने क्रममा गल्ती हेरी स्पष्टीकरण माग्न, चेतावनी दिन वा निलम्बन गर्न सक्नेछ । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ तर प्रशिक्षण समितिको प्रतिवेदनमाथि गाउँपालिका खेलकुद विकास समितिले आवश्यक निर्णय गर्नेछ र सो समितिले गरेको निर्णय नै अन्तिम हुनेछ तर समितिको निर्णय उपर चित्त नबुझेमा गाउँपालिका न्यायिक समिति समक्ष ७ दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

ड) गाउँपालिका खेलकुद विकास समितिको निर्णयअनुसार आवश्यक थपघट वा संशोधन गर्न सकिनेछ ।

## परिच्छेद १२
## अनुशासनको कारबाही, दण्ड, सजाय र पुरस्कार

४३. अनुशासनको कारवाही खेलाडी, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाइसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँ खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट कारबाही गरिनेछ ।

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकिय अधिकृत